कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

च.नं.......................२०७८/०७९

मिति: २०७८।०६।०६

# परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७७/०७८ र शैक्षिक सत्र २०७६/०७७ मा संचालित स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा भर्ना भई क्रमश: **प्रथम सेमेष्टर र दोस्रो सेमेष्टरमा** अध्ययनरत विद्यार्थीहरुले सो सेमेष्टहरु र सो तहका विभिन्न शैक्षिक सत्रहरुका विभिन्न शैक्षिक कार्यक्रमहरुमा भर्ना भई उक्त सेमेष्टरहरुमा अध्यापन भइरहेका विषयहरुको Course Registration गरी अध्ययनरत विद्यार्थीहरुले आफू अध्ययनरत सेमेष्टरहरुको **नियमित परीक्षामा** सम्मिलित हुन २०७८ साल **असोज ७** गते देखि **असोज १७** गते सम्म नियमित शुल्क र २०७८ साल असोज १८ गते देखि **असोज २०** गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकायवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. १०००।- र परीक्षा आवेदन फाराम शुल्क रु.१००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७८ साल असोज १८ गते | रु.३००।- |
| २०७८ साल असोज १९ गते | रु.५००।- |
| २०७८ साल असोज २० गते | रु.११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

..............................

प्रा.डा. शुनिला राई
परीक्षा नियन्त्रक